





राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily








❑ वर्ष २६ ❑ अङ्क २४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज १ गते बुधबार ❑ 17 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकी प्रदेश सुरक्षा समन्वय समितिको बैठकबाट विभिन्न निर्णय

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भाद्र

गण्डकी प्रदेश सुरक्षा समन्वय समितिको बैठकले सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनेलगायत विभिन्न निर्णय गरेको छ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको अध्यक्षतामा मंगलबार बसेको बैठकले विभिन्न छ बुँदासहित प्रदेशको सुरक्षा व्यवस्था प्रभावकारी बनाउने निर्णय गरेको हो।

बैठकमा यही भदौ २३ र २४ गते मुलुकमा भएको आन्दोलनका कारण उत्पन्न असामान्य स्थिति र त्यसले शान्ति सुरक्षामा परेको प्रभावका सम्बन्धमा सबै सुरक्षा निकायबाट जानकारीसहित छलफल गरिएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ।

बैठकले आन्दोलनका क्रममा हुन गएको जनधनको क्षतिप्रति दुःख प्रकट गर्दै मृत्यु भएका सबैप्रति श्रद्धाञ्जली र परिवार तथा आफन्तजनमा समवेदनासहित घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ। आन्दोलनकारीले सुरक्षा निकाय र सुरक्षाकर्मीबाट लुटेका हतियार हालसम्म फिर्ता नभएकाले फिर्ताका लागि सञ्चारमाध्यममार्फत आह्वान गर्ने र समयमा फिर्ता नगर्नेलाई विषयगत अपराधको रूपमा कानुनबमोजिम कारबाही प्रक्रियामा लैजाने निर्णय गरिएको छ।

आन्दोलनका कारण उत्पन्न भएको असामान्य अवस्था क्रमशः सुधार हुँदै गइरहेकाले सार्वजनिक र निजी सम्पत्तिमा आगजनी, तोडफोड, लुटपाट र चोरीमा संलग्न व्यक्तिको पहिचान गरी कानुनबमोजिम कारबाहीको प्रक्रिया तदारुकताका साथ अघि बढाउन प्रदेशका सबै जिल्ला सुरक्षा समिति र आ-आफ्नो मातहतका सुरक्षा निकायलाई निर्देशन दिइएको छ।

यस्तै, शान्ति र अमनचयन कायम गर्न सबै सुरक्षा निकायले सजगताका साथ समन्वयात्मक ढङ्गले कार्य गर्ने, गराउने निर्णय भएको छ। बदलिँदो परिस्थिति र सम्भावित सुरक्षा चुनौतीलाई मध्यनजर गरी स्थानीय नागरिक समाजसँगको समन्वय र सहयोगमा सबै सुरक्षा निकायले आपसी सहयोग, सूचना आदानप्रदान, समन्वय र सहकार्य गरी प्रदेशको शान्ति सुरक्षालाई सामान्य बनाई राख्ने निर्णय भएको जनाइएको छ।

वर्षायाम कायमै रहेकाले सम्भावित विपद् जोखिमलाई दृष्टिगत गरी सबै जिल्ला विपद् व्यवस्थापन समिति र सुरक्षा निकायले विपद् सुरक्षामा समेत सजगता अपनाएर पूर्वतयारी, प्रतिकार्य गर्ने गराउन आग्रह गरिएको छ।

यस्तै, वर्तमान सन्दर्भलाई दृष्टिगत गरी चाडपर्व लक्षित सुरक्षा योजना बनाएर सुरक्षा व्यवस्थालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने गराउने निर्णय गरिएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ।

## मुख्यमन्त्री पाण्डेले आगजनीबाट ध्वस्त संरचनाको अवलोकन

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भाद्र





गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले हालैको जेन-जी आन्दोलनका क्रममा पोखराका सरकारी तथा निजी संरचनामा भएको तोडफोड र आगजनीबाट पुगेको क्षतिको प्रत्यक्ष अवलोकन गर्दै सबैलाई पुनःनिर्माणको अभियानमा हातेमालो गर्न आह्वान गर्नुभएको छ। आन्दोलन सुरु हुनेबेला सरकारी कार्यक्रममा सहभागी हुन दुवई पुगेका मुख्यमन्त्री पाण्डे सोमबार नेपाल फर्किएलगत्तै मंगलबार बिहानैदेखि क्षतिग्रस्त कार्यालयहरूको निरीक्षणमा निस्किनुभएको हो।

तपाईंलाई जानकारीका लागि, पाण्डे गण्डकी प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आफ्नो निजी निवास, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय कास्की, अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयसहित विभिन्न सरकारी निकायमा पुग्नुभयो। भवन, सवारीसाधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, टेलिभिजन, स्मार्टबोर्ड, कुर्सी, टेबुल, दराज जस्ता आवश्यक सामग्री जलेर खरानी बनेको दृश्यले उहाँलाई निकै मर्माहत बनाएको थियो।

निरीक्षणपछि पाण्डेले भदौ २३ र २४ गतेका घटनामा ज्यान गुमाएका प्रती श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्नुभयो। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उहाँले सार्वजनिक सम्पत्ति र ऐतिहासिक धरोहरमा भएको अकल्पनीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्नुभयो। साथै, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवासहित नेतामाथि भएको आक्रमणको निन्दा गर्दै घटनाको निष्पक्ष छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्नुपर्ने धारणा पनि राख्नुभयो। पुनर्निर्माणलाई प्राथमिकताका साथ अघि बढाइरहेको बताउँदै उहाँले नागरिक सेवामा अवरोध नआओस् भन्न प्रदेश मातहतका कार्यालयहरू सक्रिय बनाइसकिएको जानकारी दिनुभयो। आन्दोलन भड्काएर ध्वंस गर्नेहरूलाई कानुनी दायरामा ल्याउनुपर्ने र युवाहरूका जायज मागप्रति सरकारहरू गम्भीर हुनुपर्ने पनि उहाँको भनाइ थियो। संघीय सरकारको नीति र प्रदेशलाई उपलब्ध हुने बजेटअनुसार पुनर्निर्माण योजना कार्यान्वयन गरिने उहाँले स्पष्ट पार्नुभयो।

## दुई वटा कोठाबाट जिल्ला प्रशासन कास्कीको सेवा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भाद्र

यही भदौ 'जेनजी' प्रदर्शनका क्रममा आगजनी भएपछि जिल्ला प्रशासन कार्यालय कास्कीले सोमबारदेखि दुई वटा कोठाबाट सेवा सुरु गरेको छ।

प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले शान्ति सुरक्षा, मुद्दाको म्याद थप, विपद् व्यवस्थापन र दैनिक प्रशासनिक कार्य नियमित सञ्चालन गर्ने उद्देश्यले हाललाई दुई कोठाबाट सेवा सुरु भएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "हाल दुई वटा कार्यकक्षबाट सेवा सुरू गरेका छौँ। अन्य कक्ष मर्मतसम्भार हुँदैछन्, सञ्चालन हुने सेवाकाबारेमा सेवाग्राहीलाई पूर्वजानकारी दिँदै जानेछौँ।" प्रजिअ शर्माले अहिलेको विषम् परिस्थितिमा सम्पूर्ण सार्वजनिक सेवालाईसञ्चालनगर्नुचूनौतीपूर्ण रहेकाले नागरिकता, राहदानी राष्ट्रिय परिचयपत्रलगायत अन्य सेवालाई क्रमिक रूपमा सुरु गरिने जानकारी दिनुभयो।

उहाँका अनुसार भदौ २४ गते जेनजी प्रदर्शनका कारणमा प्रशासनको भवनमा आगजनी गरिँदा मुख्य भवनसहित सवारीसाधनमा क्षति पुगेको छ। पोखरामा जेनजी प्रदर्शनमा आगजनी गरिएका मालपोत, नापी कार्यालय, यातायात कार्यालयलगायत सेवाग्राहीका मुख्य चाप हुने कार्यालयबाट सेवा सुरु हुन सकेका छैनन्।

ती कार्यालयमा कर्मचारीले दैनिक सरसफाइ गरिरहेका छन्। यसैगरी, पोखरा महानगरपालिकाको सेवासमेत सुरु हुन सकेको छैन।

## विजयादशमीको उत्तम साइत असोज १६ गते बिहान ११:५३ बजे

**रासस**
काठमाडौं, ३१ भाद्र

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको विजयादशमीको साइत सार्वजनिक गरेको छ। असोज १६ गते बिहीबार बिहान ११:५३ बजे बडादसैँको टीकाको उत्तम साइत रहेको समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले राससलाई जानकारी दिनुभयो। यस वर्षको बडादसैँ असोज ६ गतेदेखि सुरु हुँदैछ। असोज ६ गते बिहान ० ९:१३ बजे घटस्थापनाको शुभ साइत रहेको उहाँले सुनाउनुभयो।

असोज १३ गते सोमबार फूलपाती, असोज १४ गते मङ्गलबार महाअष्टमी र कालरात्रि परेको समितिले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ। असोज १५ गते बुधबार महानवमी र असोज १६ गते बिहीबार विजयादशमी परेको छ। असोज २० गते सोमबार सबै बलि दिइसक्नुपर्ने (अखिलबलिपूर्ति) र त्यसै दिन कोजाग्रत पूर्णिमा परेको समितिका सदस्य लक्ष्मण पन्थीले जानकारी दिनुभयो।

## दिगो शान्तिको कामना र व्यावसायीक सुरक्षाको प्रत्याभूतिका लागि पोखरामा मौन शान्ति र्‍याली


**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भाद्र




मुलुकमा दिगो शान्तिको कामना र व्यावसायीक सुरक्षाको प्रत्याभूतिका उद्देश्यले पोखरामा बृहत मौन शान्ति र्‍याली निकालिएको छ। पोखरा उद्योग वाणिज्य संघको आयोजना तथा बस्तुगत संघ-संस्थाका प्रतिनिधिहरूको सहभागितामा मंगलबार बिहान गैह्रापाटनस्थित संघको सचिवालयबाट र्‍याली सुरु भएको हो।

संघका अध्यक्ष गोकर्ण कार्कीको अगुवाइमा निकालिएको र्‍याली जेनजी आन्दोलनका क्रममा दिवंगत भएका आत्माहरूको चिरशान्तिको कामना, देशमा देखिएको अशान्तिको अन्त्य र व्यावसायिक वातावरण पुनःस्थापना गर्ने उद्देश्यले आयोजना गरिएको अध्इक्ष कार्कीले जनाए। अध्यक्ष कार्कीले शान्ति बिना व्यावसायिक वातावरण निर्माण नहुने र आत्मबल नबढ्ने भन्दै व्यवसायीहरूलाई मनोबल नघटाउन आग्रह गरे। उनले आन्दोलनका क्रममा ठूलो जनधनको क्षति भई व्यवसायिक प्रतिष्ठानहरूमा अरबौं रुपैयाँको नोक्सानी पुगेको भन्दै शान्ति बिना व्यवसाय उठ्न नसक्ने बताए। 'हामी पुनः उठ्नुपर्छ, तर शान्ति बिना त्यो सम्भव छैन,' अध्यक्ष कार्कीले भने। यसैबीच संघले उद्योग तथा व्यवसायिक प्रतिष्ठानहरूमा भएको क्षतिप्रति दुःख व्यक्त गर्दै व्यवसायीहरूलाई संयमित र धैर्यवान रहन अपिल गरेको छ। संघकी महासचिव शोभा गौतमले जारी गरेको विज्ञप्तिमा तोडफोड, आगजनी र लुटपाटका घटनामा संलग्नलाई कारबाही गर्न माग गरिएको छ भने क्षतिको विवरण संघलाई उपलब्ध गराउन आग्रह पनि गरिएको छ। विज्ञप्तिमा प्रधानमन्त्री सुशीला कार्कीले

बाँकी अन्तिम पृष्ठमा ▶▶

# वाङ्चु तामाङलाई नेपाल खुला स्नूकर प्रतियोगिताको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भाद्र

काठमाण्डौंका वाङ्चु तामाङले दोस्रो संस्करणको नेपाल खुला स्नूकर प्रतियोगिता-२०८२ को उपाधि जितेका छन् । खेलकुदको शहर पोखरामा मंगलबार सम्पन्न भएको फाइनल खेलमा तामाङले काठमाण्डौंकै फुर्वा दोर्जे शेर्पालाई ६-४ को सेटमा पराजित गर्दै उपाधि हात पार्न सफल भएका हुन् ।



वेष्ट अफ इलाभेनको आधारमा भएको फाइनल खेलमा जित हासिल गर्दै तामाङले नगद २ लाख २ हजार २ सय २ रुपैया साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्दा उपविजेता भएका शेर्पाले भने ८० हजार प्राप्त गरे । प्रतियोगितामा तामाङ र शेर्पाले समान ८१ ब्रेक गरी हाइएस्ट ब्रेकरको उपाधि बाडे । उनीहरुले नगद १०/१० हजार पुरस्कार प्राप्त गरे ।

विजयी खेलाडीहरुलाई जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङ, कास्की बिलियार्ड स्नूकर तथा पुल संघका संस्थापक अध्यक्ष वसन्त गौचन, संघका बरिष्ठ उपाध्यक्ष राजु गुरुङ, उपाध्यक्ष खलि थापा, संघका महासचिव सविन जिसी, कोषाध्यक्ष धिर बहादुर लामा, खेलाडी होम नेपाली, प्रतियोगिताका संयोजक सोम बि.क. लगायतले पुरस्कार वितरण गरेका थिए । ड्यामसाइड क्लवका अध्यक्ष रमेश बराल सहितका अतिथिको कार्यक्रममा सहभागिता रहेको थियो ।

पोखरा ड्यामसाइडमा रहेको फाइनल स्कोर स्पोर्ट्स बार प्रा.लि.को आयोजनामा र कास्की बिलियार्ड स्नूकर तथा पुल संघको विशेष सहयोगमा पुनः दोश्रो पटक उक्त प्रतियोगिता पोखरामा भदौं १७ गते देखि सुरु भएको थियो ।

पोखरा महानगरको प्रबर्द्धनमा संचालन भएको प्रतियोगितामा देशभरबाट १ सय ३६ जना खेलाडीको सहभागि भएको प्रा.लि.का संचालक प्रताप गुरुङले बताए ।

देशको विसम परिस्थिमा पनि उक्त प्रतियोगिता सम्पन्न गर्न सहयोग गर्नुहुने प्रति उनले धन्यवाद समेत व्यक्त गरे । पोखरा-१७ ड्यामसाइडस्थित फाइनल स्कोर स्पोर्ट्स बारमा भएको उक्त प्रतियोगिताले पोखराको खेल पर्यटन प्रबर्द्धनमा टेवा पुगेको संयोजक बि.क.ले बताए । जेनजी आन्दोलनका कारण प्रतियोगिता केही दिन स्थगित हुँदा भदौं २८ गते सकिने प्रतियोगिता ३ दिन लम्बिदै भदौं ३१ गते समापन भएको हो ।



च्याङ्ग्रा धपाउँदै व्यापारी :
नेपालीहरुको महान् चाड दसैं-तिहार नजिकिएसँगै मङ्गलबार मुस्ताङबाट जिल्ला बाहिरिँदै गरेका च्याङ्ग्रा धपाउँदै व्यापारी । देशका विभिन्न सहरहरूमा दसैं-तिहारलाई लक्षित गर्दै कृषकहरुले आफ्नो गोठमा उत्पादन गरेको भेडा र च्याङ्ग्रालाई बिक्रीका लागि बजार लैजान थालेका छन् । यस वर्ष च्याङ्ग्राको मूल्य ३५ हजारभन्दा बढी पर्नेछ । तस्बिरः सुशीलबाबु थकाली/रासस

# अध्ययनमा विदेशियो १४ अर्ब ३१ करोड

**रासस**
काठमाडौं ३१ भाद्र

देशभित्रै सुविधा सम्पन्न विश्वविद्यालय, कलेज तथा आवश्यक शैक्षिक संस्था भए पनि अध्ययनका लागि विदेशिनेक्रम घट्नुको साटो बढ्दै गएको छ । एक महिनाको अवधिमा मात्रै अध्ययनका लागि रु १४ अर्ब ३१ करोड बराबरको रकम विदेशिएको छ ।

नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको विवरणअनुसार शिक्षातर्फको व्यय गत वर्षको तुलनामा थोरै कम छ । चालु आवको पहिलो महिनामा अध्यनयका लागि रु १४ अर्ब ३१ करोड व्यय भएकामा गत आवको सोही अवधिमा रु १४ अर्ब ९६ करोड थियो ।

चालु आवको पहिलो महिनामा सेवा खाताअन्तर्गत भ्रमण व्यय दुई दशमलव आठ प्रतिशतले कमी आई रु २१ अर्ब ७० करोड पुगेको छ । यस्तै, अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु २२ अर्ब ३२ करोड रहेको थियो ।

समीक्षा अवधिमा खुद सेवा आय रु १३ अर्ब ३९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु १५ अर्ब छ करोडले घाटामा रहेको थियो । सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय १२ दशमलव सात प्रतिशतले वृद्धि भई रु पाँच अर्ब ३८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु चार अर्ब ७७ करोड थियो ।

# सुनचाँदी रत्न तथा आभुषण व्यवसायी संघ कास्कीले प्रहरीलाई सहयोग हस्तान्तरण गर्‍यो

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भाद्र

सुन चाँदी रत्न तथा तथा आभुषण व्यवसायी संघ कास्कीले कास्की प्रहरीलाई कुर्सी, टेवल तथा प्रिन्टर सहयोग हस्तान्तरण गरेको छ ।

वडा प्रहरी कार्यालय बगरमा दराज र फाइल र्‍याक, जिल्ला प्रहरी कार्यालय कास्कीलाई कुर्सी, टेवल र प्रिन्टर त्यसै गरी जिल्ला ट्राफिक कार्यालय कास्कीलाई टेवल र कुर्सी एक/एक थान संघले हस्तान्तरण गरेको हो । जेनजी आन्दोलनको क्रममा सरकारी कार्यालयहरुमा आगजनी हुँदा ठुलो क्षति पुगेकोले समाज पुनः निर्माणको लागि आफुहरुले आफ्नो सामाजिक उत्तरदाहित्व अर्न्तगत सानो सहयोग गरेको संघ कास्कीका अध्यक्ष भरत बि.क.ले बताउनु भयो । संस्थाबाट थप आवश्यक सहयोग गर्ने उहाँले बताउनु भयो । जिल्ला प्रहरी कार्यालय कास्की सहित वडा प्रहरी कार्यालय र जिल्ला ट्राफिक कार्यालय कास्कीको भवन सहित कार्यालयमा रहेका सर सामानहरु आगजनीबाट जलेर नष्ट भए पनि उहाँहरुलाई कार्यालय संचालन तथा व्यबस्थापनमा धेरै कुरा आवश्यक भएको देखिन्छ ।

सरसफाई गर्दै सबै कार्यालयहरु संचालन भएसंगै यस्तै सहयोगीहरुको साथ र सहयोगी हातबाट आफुहरु उच्च मनोवलका साथ पूर्ववत रुपमा जनताको शान्ति सुरक्षामा खटि रहेको कास्कीका प्रहरी प्रमुख एसपी श्याँमबाबु ओलीयाले बताउनु भयो । यसैबिच, 'हामी बनाउछौं हाम्रो देश' भन्ने मूल नाराका साथ लायन्स क्लब अफ इन्फरमेसन टेक्नोलोजीले ९ वटा नयाँ सीसी क्यामरा जडान गरेको कार्यक्रमका संयोजक स्वयम्भु कुँवरले बताउनु भयो । उहाँका अनुसार कार्यालयमा पुरानो सामान्य मर्मत गरी ७ वटा सीसी क्यामरा जडान गरिएको छ । जेनजी आन्दोलनको आन्दोलनको क्रममा आगलागीबाट क्षति पुगेको जिल्ला प्रहरी कार्यालय कास्कीमा सिसिटिभी क्यामेरा जडान भए पनि शान्ति सुरक्षामा धेरै सहज हुने प्रहरीले जनाएको छ ।

# घटस्थापनादेखि असोज २२ सम्म सार्वजनिक यातायातलाई रुट परमिट खुला

**रासस**
काठमाडौं, ३१ भाद्र

घटस्थापनादेखि असोज २२ गतेसम्म सार्वजनिक सवार ीसाधनलाई नेपालभर लागू हुने गरी रुट परमिट खुला गरिने भएको छ ।

यातायात व्यवस्था विभागमा मंगलबार बसेको सरोकार भएका निकायको बैठकले दसैंको समयमा सार्वजनिक यातायातलाई सहज ढङ्गले सञ्चालनका लागि रुट परमिट खुला गर्ने निर्णय गरेको हो । बैठकले चाडपर्वलाई लक्षित गरी यातायात व्यवस्थापनमा सहजता ल्याउन सार्वजनिक यातायात सेवा प्रदायकले मध्यम तथा लामो दूरीका सार्वजनिक यातायातमा अग्रिम टिकट बुकिङको व्यवस्थालाई निरन्तरता दिने निर्णय गरेको छ ।

यस्तै, यातायात व्यवसायीले टिकट बिक्रीमा यथाशक्य अनलाइन बुकिङ गर्ने व्यवस्था मिलाउने, उपत्यकाबाट बाहिरिने र भित्रिने यात्रुवाहक सवारीसाधनको सरोकार भएका निकायसँग सहकार्य गरी प्रभावकारी अनुगमन गर्ने निर्णय गरिएको छ । सार्वजनिक सवारीसाधनमा यात्रा गर्दा अनिवार्य टिकट लिएर मात्र यात्रा गर्ने र टिकट काउन्टरबाट यात्रुको परिचय खुल्ने विवरणसहितको चलानी लिएर मात्र सवारी सञ्चालन गर्नुपर्ने पनि बैठकको निर्णय छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले अनधिकृत काउन्टर, परिचयपत्र, पोसाक नभएका व्यक्तिबाट टिकट बिक्री गर्ने कार्यलाई पूर्णतयाः नियन्त्रण गर्ने निर्णय भएको जानकारी दिनुभयो । सार्वजनिक यातायात आवागमन सहज बनाउन खाद्यान्नलगायतका अत्यावश्यक वस्तुको ढुवानी गर्नेबाहेकका ट्रेलरलगायत ठूला सवारीसाधन घटस्थापनादेखि पूर्णिमासम्म नारायणघाटदेखि काठमाडौँसम्म सञ्चालन गर्न रोक लगाउने निर्णय पनि भएको उहाँले बताउनुभयो । उपत्यकामा भित्रिने र बाहिरिने प्रमुख स्थानलगायत देशभर मादकपदार्थ र लागुपदार्थ सेवन गर्ने सवारी चालकको स्वास्थ्य अवस्थाबारे जाँच गर्ने, लामो दूरीका यात्रुवाहक सवारीसाधन गन्तव्यतर्फ प्रस्थान गर्नुअघि अनिवार्य रूपमा यान्त्रिक अवस्थालगायतको परीक्षण गर्ने निर्णय भएको छ ।

चाडपर्वको समय नजिकिँदै गरेको अवस्थामा यात्रुवाहक सवारी यातायातको चाप अत्याधिक बढ्न गई सडक दुर्घटनासमेत बढ्नसक्ने जोखिमलाई मध्यनजर गरी प्रभावकारी अनुगमन एवं निगरानीको व्यवस्था मिलाइने पनि जनाइएको छ । चाडपर्वमा काठमाडौँ उपत्यकाबाट बाहिर जाने र भित्रिने यात्रुलाई सहजीकरण गर्न उपत्यकाका १५ स्थानमा सिप्रदी/नाडाको सहयोग र काठमाडौँ महानगरपालिकाको सहकार्यमा नागरिक सहायता कक्ष स्थापना गरिनेसमेत जनाइएको छ । चाडपर्व अवधिभर अनुगमन कार्यका लागि यातायात व्यवस्था विभागले सरोकार भएका निकाय सम्मिलित अनुगमन टोली गठन गर्ने निर्णय भएको छ । उक्त कार्यका लागि प्रदेशमा रहेका यातायातसँग सम्बन्धित मन्त्रालयको समेत सहयोग लिइने छ ।

# दिगो ...

व्यवसायिक प्रतिष्ठानहरूमा भएको आक्रमणप्रति व्यक्त गरेको दुःखप्रति कृतज्ञता व्यक्त गर्दै लुटिएका र उठ्न नसक्ने अवस्थामा पुगेका व्यवसायीलाई सहयोग उपलब्ध गराउने सरकारको घोषणाको स्वागत गरिएको छ ।

संघले कारागारबाट भागेका अपराधीहरूको उपस्थितिलाई मनन गर्दै व्यवसायीहरूलाई आफ्नो तथा प्रतिष्ठानको सुरक्षामा सर्तक रहन र स्थानीय प्रशासन, टोल विकास संस्था, युवा क्लब तथा आमा समूहसँग सहकार्य गर्न समेत आग्रह गरेको छ । यस्तै उपभोक्ताहरूलाई सहज र सुपथ मूल्यमा उपभोग्य सामग्री उपलब्ध गराउन व्यवसायीहरूलाई आग्रह गर्दै कानुनअनुसार देखिने गरी मूल्य सूची टाँस्न स्मरण गराइएको छ ।

जेनजी आन्दोलनका क्रममा युवाहरूको मृत्यु, तोडफोड, लुटपाट र आगजनीबाट भएको ठुलो क्षतिप्रति शोक व्यक्त गर्दै संघले यसवर्ष दशैंको शुभकामना आदानप्रदान कार्यक्रम नगर्ने निर्णय गरेको महासचिव गौतमले बताइन् ।

# निर्वाचन र पुनःनिर्माणका लागि बजेट स्रोत खोज्न तीन सदस्यीय कार्यदल गठन

**रासस**
काठमाडौं, ३१ भाद्र

जेनजी प्रदर्शनका क्रममा क्षति पुगेका भौतिक संरचनाको पुनःनिर्माण र आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभाको निर्वाचनका लागि बजेटको स्रोत खोज्न अर्थमन्त्रालयले तीन सदस्यीय कार्यदल गठन गरेको छ ।

बजेट तथा कार्यक्रम महाशाखा प्रमुख सुमन दाहाल, वैदेशिक सहायता समन्वय महाशाखा प्रमुख धनीराम शर्मा र राजस्व व्यवस्थापन महाशाखा प्रमुख उत्तरकुमार खत्री कार्यदलमा हुनुहुन्छ । अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयका अनुसार अहिलेका बजेटमा परेका केही योजना र कार्यक्रम कटौती गरेर कसरी स्रोत व्यवस्थापन गर्न सकिन्छ भनेर आन्तरिक अध्ययनका लागि कार्यदल गठन भएको बताउनुभयो । "चुनाव र पुनःनिर्माणका लागि केही बजेट चाहिन्छ । त्यसका लागि स्रोत जुटाउन अहिलेकै बजेटभित्र रहेर कसरी व्यवस्थापन गर्न सकिन्छ र सम्भावनाका क्षेत्र कुन-कुन छन् भनेर अध्ययन गर्नका लागि कार्यदल बनाइएको हो", प्रवक्ता पाण्डेयले रासससँग भन्नुभयो, "बजेटका केही आयोजना तथा कार्यक्रम कटौती गर्नुपर्ने हुनसक्छ । त्यसको प्राथमिकता निर्धारण गर्ने कार्याधिकार कार्यदलले पाएको छ ।" सोमबार कार्यभार सम्हाल्दै नवनियुक्त अर्थमन्त्री रामेश्वरप्रसाद खनालले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा राजनीतिक दबाबमा बजेटमा परेका, पूर्वतयारी नसकिएका, टुक्रे योजना तथा कार्यक्रम कटौती गरिने बताउनुभएको थियो । सरकारले पूरक बजेट नल्याउने र अहिलेको बजेटमा परेका योजना तथा कार्यक्रम कटौतीबाटै निर्वाचन र पुनःनिर्माणका लागि करिब रु एक खर्ब बराबर स्रोत जुटाउन सकिने अर्थमन्त्री खनालको भनाइ थियो ।

# बुधबार नेपालभर सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भाद्र

गृह मन्त्रालयले 'जेनजी' आन्दोलनका क्रममा ज्यान गुमाउनेहरूको सम्मानस्वरूप राष्ट्रिय शोक मनाउन बुधबार सार्वजनिक बिदा दिएको छ ।

मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले मंगलबार एक विज्ञप्ति जारी गरी मन्त्रिपरिषद्को यही भदौ ३० गतेको निर्णयअनुसार भोलिलाई सार्वजनिक बिदा घोषणा गरिएको जानकारी दिनुभयो । जारी विज्ञप्तिमा भनिएको छ, "भदौ २३ र २४ गते जेनजी पुस्ताद्वारा भएको प्रदर्शनका क्रममा ज्यान गुमाउने मृतकहरूको सम्मानस्वरूप राष्ट्रिय शोक मनाउन असोज १ गते बुधबार नेपालभरका सरकारी कार्यालय, विदेशस्थित नेपाली दूतावास र नियोगहरूमा सार्वजनिक बिदा दिने र राष्ट्रिय झण्डा आधा झुकाउने नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भएको बेहोरा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।"

# लुटिएका सामग्री फिर्ता नगरे कानुनी कारबाही गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भाद्र

'जेनजी' आन्दोलनका क्रममा पोखरा महानगरपालिका र मातहतका कार्यालयबाट लुटपाट गरिएका सामग्री फिर्ता गर्न महानगरपालिकाले आग्रह गरेको छ ।

महानगरले आज सार्वजनिक सूचनामार्फत यही भदौ २४ गते आगजनी तथा तोडफोड गरी लुटिएका सवारीसाधन, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचरलगायत सामग्री सम्बन्धित निकाय वा नजिकको प्रहरी कार्यालयमा बुझाउन आग्रह गरेको हो । तोडफोड, आगजनी र लुटपाटमा संलग्न व्यक्तिहरूको पहिचान गर्ने काम भइरहेको र त्यस्ता सामग्री फिर्ता नगरेमा सम्बन्धित व्यक्तिलाई प्रचलित कानुनबमोजिम अनुसन्धानको दायरामा ल्याई कारबाही प्रक्रिया अगाडि बढाइने महानगरपालिकाले जनाएको छ ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ । – अज्ञात

## सम्पादकीय

# निजामती सेवालाई सुधार्ने मौका

स्थायी सरकारको रुपमा रहेको निजामती सेवाले जनमुखी सेवा नदिए ारण जनताले नवयुवाको आन्दोलनलाई साथ दिए । अहिले राज्यप्रणालीमा उथलपुथल ल्याउने तागत नवयुवामा भएको दुई दिनको आन्दोलनले देखाइदियो । जनताको आक्रोश यतिधेरै बढ्नुको कारण सत्ता चलाउने नेता र कर्मचारी तन्त्रले हो । नवयुवाको आन्दोलन सजिलोसँग मत्थर हुने नदेखाएपछि कर्मचारीले टालटुले सुधार अघि सारेका छन । यस अघिकै सरकारले साशकीय सुधार गर्न बनाएको समितिले बनाउन खोजेको खाका ल्याएको छ । सत्ता परिवर्तनपछि जनताको विद्रोहको भावना बुझेर तात्कालिक सुधार देखाउन खोजिएको छ । अब सिंहदरबारमा घुमिरहने केही कर्मचारी बाहिर पठाउन खोजिएको छ । निजामती सेवाका सचिवहरूले संघीय तहमा रहेका दरबन्दी २० प्रतिशतले कटौती गर्ने निर्णय गरेका छन् ।

सचिवहरुको बैठकले २० असोजभित्र संशोधित दरबन्दी स्विकृतीका लागि मन्त्रिपरिषदमा पेश गर्ने निर्णय गरेको छ । सचिवहरुले अनावश्यक सरकारी निकाय खारेज गर्ने, गाभ्ने वा हस्तान्तरण गर्ने र सार्वजनिक खर्च कटौतीका लागि बैठक भत्ता नलिने निर्णय गरेका छन् । यो सुन्दा राम्रोसँग लाग्ने निर्णय हो । मंगलबार बसेको सचिवहरुको बैठकले मन्त्रालय, आयोग, सचिवालय र कार्यालयहरूमा रहेको दरबन्दी औसतमा २० प्रतिशतले कटौती गर्ने निर्णय गरेको हो । मुख्यसचिव एकनारायण अर्यालको संयोजकत्वमा सचिवहरूको बैठकले २० असोजभित्र संशोधित दरबन्दी स्विकृतीका लागि मन्त्रिपरिषदमा पेश गर्ने निर्णय लिएको छ ।

संघीय तहका कर्मचारीहरुको दरबन्दी कटौती गर्नेजस्तो महत्वपूर्ण नीतिगत विषय मन्त्रिपरिषदबाट हुनुपर्नेमा सचिवस्तरीय बैठकबाट भएको छ । तर संशोधित दरबन्दी स्विकृतीको निर्णय भने मन्त्रिपरिषदबाटै हुनेछ । सचिवहरुको बैठकले अनावश्यक देखिएका सरकारी निकाय खारेज गर्ने, गाभ्ने वा हस्तान्तरण गर्ने भएको छ । त्यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका शासकीय क्षेत्र हेर्ने सचिवले समन्वय गर्नेछन् । राष्ट्रिय किताबखानाको वार्षिक प्रतिवेदन अनुसार, गत आर्थिक वर्षमा संघीय तहमा ५१ हजार ७२६ जना कर्मचारीको दरबन्दी थियो । यदि २० प्रतिशत दरबन्दी कटौती भएमा १० हजार ३ सयको दरबन्दी कटौती हुनेछ । कटौतीको निर्णय कार्यान्वयन भएमा संघीय तहको कर्मचारी दरबन्दी ४० हजारमा सीमित हुनेछ ।

दरबन्दी कटौतीको निर्णय गरेका सचिवहरुले सेवा प्रवाह गर्नुपर्ने कार्यालयमा दरबन्दी रिक्त भए तत्काल पदपूर्ति गर्ने निर्णय समेत गरेका छन् । आन्दोलनको रापताप सकिएपछि कार्यबोझ बनाएर थप गर्ने बाटो राखिएको छ । उनीहरुले अहिलेको विषम परिस्थितिमा सार्वजनिक खर्च कटौती गर्न कुनैपनि कर्मचारीले बैठक भत्ता नलिने निर्णय लिएका छन् । अनि राष्ट्रिय स्तरका गोष्ठी, सेमिना र कार्यशालाहरु सरकारी भवन र हलमा गर्ने भनेका छन् ।

स्थानीय सरकारहरुलाई पनि त्यसै अनुसार व्यवस्था मिलाउन भनेका छन् । जलवायु सम्मेलनमा बन तथा वातावरण मन्त्रालयका धेरैजसो कर्मचारी विज्ञ बनेर विदेश जाने र सरकारी ढुकुटी रित्याउने काम अवस्था आउनु हुँदैन । विदेशीका स्वार्थ पूरा गर्न उनिहरुले घुमाउने र त्यस अनुकूलको नियम बनाउन नरोक्ने हो भने यी निर्ण देखावटी हुनेछ राष्ट्र सेवकमा केही गर्छु भन्ने आँट र जनतालाई भगवान सम्झेर काम गरेमा नवयुवाले राज्यसत्तामा गरेको विद्रोहले सार्थकता पाउनेछ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# भागेका १० जना कैदी र थुनुवा पक्राउ

**पोखरापत्र संवाददाता**
तनहुँ, ३० भाद्र

कास्की, चितवन र नख्खु कारागारबाट भागेका कैदीबन्दी तनहुँमा पक्राउ परेका छन् ।

यही भदौ २४ गते भएको 'जेनजी' प्रदर्शनपछि उत्पन्न परि स्थितिका कारण मुलुकका विभिन्न कारागारबाट फरार भएका छ जना कैदीबन्दी र चार जना थुनुवालाई तनहुँ प्रहरीले पक्राउ गरेको हो ।

कास्की कारागारका चार कैदी र दुई थुनुवा, चितवन कारागारका एक कैदी र एक थुनुवा, नख्खु कारागारका एक कैदी र एक थुनुवा पक्राउ परेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक आशिष विश्वकर्माले जानकारी दिनुभयो ।

पक्राउ परिएका कैदीबन्दीलाई सम्बन्धित कारागार पठाइएको उहाँले बताउनुभयो ।

# स्याङ्जामा ५०६ मेट्रिकटन बीउविजन वितरण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३१ भाद्र

स्याङ्जामा गत वर्ष २०८१/०८२ मा ५०६ मेट्रिकटन खाद्यान्न, तरकारी र घाँसका बीउविजन वितरण गरिएको छ ।

जिल्लाका स्थानीय तह, कृषि ज्ञान केन्द्र, कृषि विकास स्रोत केन्द्रमार्फत कृषकहरुलाई ५ लाख ६ हजार ७४० किलोग्राम बीउविजन वितरण गरिएको हो ।

जिल्लाका ११ पालिकाले ४० हजार ९१६ किलोग्राम धान, २५ हजार चार सय किलो मकै, ११ हजार ९१७ किलो गहुँ, १७० किलो फापर, ४९ हजार ६ सय किलो आलु, दुई हजार किलो जैघाँस, ३१३ किलो तरकारीको बीउ, ३० किलो प्याजको बीउ, ३२६ किलो च्याउको बीउ, २१८ किलो तेलहन गरी एक लाख ३० हजार ८९० किलोग्राम बीउविजन वितरण गरिएको छ ।

कृषि ज्ञान केन्द्रले तीन लाख ६८ हजार २९० किलोग्राम बीउविजन वितरण गरेको जनाएको छ ।

जसमा उन्नत र मुल बीउ रहेका छन् । केन्द्रले धानको बीउ २० हजार किलो, मकैको बीउ ३१ हजार ७७० किलो, गहुँ ५ हजार चार सय किलो, कोदोको बीउ ५ सय किलो, फापरको बीउ ५० किलो, आलुको बीउ तीन लाख १० हजार ७० किलो र तरकारी ५ सय किलोग्राम बीउविजन वितरण गरेको जनाएको छ ।

त्यस्तै कृषि विकास स्रोत केन्द्र वालिङले ७० किलो धानको मुल बीउ, तीन हजार ३५० किलो मकैको मुल बीउ, तीन हजार ५ सय गहुँको मुल बीउ र ४० किलो कोदोको मुल बीउ वितरण गरेको जनाएको छ । केन्द्रले वितरण गरेकोमध्ये ६ सय किलोग्राम उन्नत बीउ वितरण गरेको ज्ञान केन्द्रका कृषि अधिकृत विकास वि.क.ले बताए ।

स्थानीय तह, ज्ञान केन्द्र र कृषि विकास स्रोत केन्द्र मार्फत कृषकले ६१ हजार ५८६ किलो धान, ६० हजार ५२० किलो मकै, २० हजार ८१७ किलो गहुँ, ५४० किलो कोदो, २२० किलो फापर, तीन लाख ५९ हजार ६७० किलो आलु, दुई हजार जै घाँस, ८१३ किलो तरकारी, ३० किलो प्याज, ३२६ किलो च्याउ र २१८ तेलहनको बीउविजन वितरण गरेको जनाइएको छ ।

# अवरुद्ध बेनी–जोमसोम सडक खुल्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० भाद्र

बेनी–जोमसोम–कोरला सडक मंगलबार बिहानदेखि यातायात सञ्चालनमा आएको छ ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको मुस्ताङको थासाङ गाउँपालिकाको सिमानामा पर्ने काभ्रेभिरमा खसेको पहिरोका कारण ७६ किलोमिटर दूरीको बेनी–जोमसोम सडकमा आइतबार बिहानदेखि सिधा यातायात अवरुद्ध भएको थियो ।

नेपाली सेनाको सहयोगमा विस्फोटक पदार्थको प्रयोग गरेर सडकमा थुपिएका ठूला ढुङ्गा फुटाउने र डोजरको सहायताले पहिरो पन्छाएर गए राति १० :०० बजे सडक खुलाएको घाँसा प्रहरी चौकीका प्रमुख प्रहरी सहायक निरीक्षक मीनबहादुर खत्रीले बताउनुभयो । "बेनी–जोमसोम–कोरला सडक आयोजना कार्यालयका प्राविधिक कर्मचारी, नेपाली सेनासहित सुरक्षाकर्मीको टोलीले रातिसम्म काम गरेर सडक खुलाएका हौँ", उहाँले भन्नुभयो, "सडक खुलेसँगै मुस्ताङको घाँसा र म्याग्दीको काभ्रेमा रोकिएका सवारी साधन गन्तव्यतर्फ लागेका छन् ।"

सडक अवरुद्ध हुँदा कोरलानाकाबाट सामान लिएर आएका कन्टेनर, मुस्ताङको स्याउ र आलु बोकेर बजार हिँडेका मालवाहक ट्रक घाँसामै रोकिएका थिए । सोह्रश्राद्धमा मुस्ताङको कागबेनीमा पितृ तर्पण दिन देशका विभिन्न ठाउँ र भारतबाट आएका तीर्थयात्री, स्थानीयवासी र पर्यटक गन्तव्यतर्फ लागेका छन् । सिन्धुपाल्चोकको तातोपानी र रसुवाको नाका बन्द भएपछि दसैँका लागि नेपाली बजारमा आवश्यक सामान मुस्ताङको कोरलानाकाबाट ल्याउन थालिएकाले बेनी–जोमसोम सडकमा सवारीसाधनको चाप बढेको छ ।

# भ्याङमुनि कम्प्युटर राखेर प्रशासनका सेवा सुरु

**पोखरापत्र संवाददाता**
दमौली, ३१ भाद्र

'जेनजी' प्रदर्शनका क्रममा तोडफोड तथा आगजनीबाट क्षतिग्रस्त बनेको जिल्ला प्रशासन कार्यालय तनहुँले आजदेखि आंशिक सेवा प्रवाह सुरु गरेको छ ।

कार्यालयले भ्याङमुनि कम्प्युटर राखेर सेवा सुरु गरेको हो ।

मंगलबार एक जनाको जनजाति प्रमाणितका लागि सिफारिस सेवा प्रदान गरिएको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जानकारी दिनुभयो । सबै कोठाहरू जलेकाले व्यवस्थित गरेर सेवा प्रवाहलाई सहज बनाउने प्रयास भइरहेको उहाँले बताउनुभयो । यही भदौ २४ गते प्रदर्शनकारीले कार्यालयमा आगजनी र तोडफोड गरेर भवनसहित गाडी र मोटरसाइकलमा क्षति पुऱ्याएका थिए । आगलागीबाट विभिन्न शाखामा क्षति पुगेका साथै कागजात, कम्प्युटरलगायत सामग्री जलेर नष्ट भएका कार्यालयले जनाएको छ । प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले आगजनीबाट कार्यालयको भवन तथा अन्य कार्यालय प्रयोजनका सामग्री जलेर नष्ट भएकाले वैकल्पिक व्यवस्था गरी आंशिक रूपमा सेवा सुरु गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार नेपाली सेना, जनपथ प्रहरी, सशस्त्र प्रहरी, कार्यालयका कर्मचारीलगायतको सहभागितामा आइतबार कार्यालय परिसरको सरसफाइ गरिएको थियो ।

# असोज १ गतेदेखि बिपी राजमार्ग २४सै घण्टा सञ्चालन हुने

**रासस**
काठमाडौं, ३१ भाद्र

यसवर्षको मनसुन सुरु भएसँगै जोखिमका कारण रातिको समयमा सवारीसाधन सञ्चालनमा रोक लगाउँदै आइएको बिपी राजमार्ग आगामी असोज १ गतेदेखि २४सै घण्टा सञ्चालनमा ल्याइने भएको छ ।

जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा सोमबार बसेको सुरक्षा समितिको बैठकले मनसुन बाहिरिने क्रममा रहनुका साथै दसैं, तिहारलगायत चाडपर्वलाई लक्षित गरी सडक २४सै घण्टा सञ्चालन गर्ने निर्णय गरेको हो । यात्रुको सहजताका लागि सडक सुरक्षामा सजगता अपनाइ स्वीकृत सडक सुरक्षा कार्ययोजनाबमोजिम निर्णय गरिएको समितिले जनाएको छ ।

कार्यालयद्वारा सोमबार जारी सार्वजनिक सूचनाअनुसार गत असार पहिलो सातादेखि रातिको समयमा सवारीसाधन आवतजावतमा पूर्ण रूपमा रोक लगाइएको थियो । मनसुनमा बाढीपहिरोको जोखिमका कारण बिपी राजमार्गअन्तर्गत प्रथान बिन्दु काभ्रेपलाञ्चोकको धुलिखेलबाट सिन्धुलीको सिमाना नेपालथोकसम्म रातिको समयमा १२ घण्टासम्म यातायात सञ्चालनमा रोक लगाइएको थियो । यसअघि पछिल्लो पटक यही भदौ १६ गतेदेखि थप १५ दिन सवारी सञ्चालनमा रोक लगाइएको थियो । जोखिमका कारण गत असार ७ गतेदेखि राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएकामा भदौ मसान्तसम्म रातको समयमा १२ घण्टा रोक लगाइएको थियो । कार्यालयले पटकपटक सूचनामार्फत मनसुन सक्रिय रहेको अवस्थामा बिपी राजमार्गमा बाढीपहिरोको सम्भावित जोखिम रहेकाले विपद् जन्य घटना हुनसक्ने भन्दै जोखिम न्यूनीकरणका लागि राजमार्गको उल्लेखित क्षेत्रमा सवारी सञ्चालनमा रोक लगाउँदै सतर्कता अपनाउन सार्वजनिक आह्वान गर्दै आइएको सहायक प्रमुख जिल्ला अधिकारी सुदर्शन श्रेष्ठले जानकारी दिनुभयो ।

मनसुनको समयमा बिपी राजमार्गमा यात्रा गर्नु उच्च जोखिम देखिएकाले राति निजी तथा सार्वजनिक सवारीसाधन सञ्चालनमा रोक लगाइएको थियो । आगामी असोज १ गतेदेखि पूर्ण रूपमा राजमार्ग खोल्ने निर्णय भएको सहायक प्रमुख जिल्ला अधिकारी श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार काभ्रेपलाञ्चोकको काभ्रेभञ्ज्याङबाट सिन्धुलीको खुर्कोट खण्डका विभिन्न स्थानमा जोखिम भएकाले यसअघि यातायात सञ्चालनमा रोक लगाइएको हो । काठमाडौंबाट जाने सवारीलाई जिल्लाको काभ्रेभञ्ज्याङ र काठमाडौंतर्फ आउने सवारीलाई सिन्धुलीको सिमाना नेपालथोकमा रोकिएको थियो ।

यसअघि काभ्रेपलाञ्चोक, सिन्धुली र रामेछाप जिल्लाको सुरक्षा समितिका पदाधिकारीको अन्तरजिल्ला समन्वय समितिको बैठकले गत असार ७ गतेदेखि बिपी राजमार्गमा साँझ ६:३० बजेदेखि बिहान ५:०० बजेसम्म तथा साउन महिनाभर साँझ ५:०० देखि बिहान ५:०० बजेसम्म सडक सञ्चालनमा रोक लगाइएको थियो । गत वर्ष असोजको बाढीपहिरोले बिपी राजमार्गअन्तर्गतकाभ्रेपलाञ्चोकको चौकीडाँडाबाट सिन्धुलीको वर्षेखोलासम्मको आठ किलोमिटर सडक बगाएपछि अस्थायी रूपमा सवारी सञ्चालनको व्यवस्था गरिएको थियो । बाढीपहिरोले राजमार्गको कूल १६० किमीमध्ये तेस्रो खण्डअन्तर्गत सिन्धुलीको खुर्कोटबाट नेपालथोकसम्म ३४ किमी र चौथोखण्ड नेपालथोकबाट काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५०किमीकाविभिन्नस्थानमाबढीले क्षति पुऱ्याएको थियो । कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामा घि बढाइरहेको छ । पूर्वी नेपाल जोड्ने छोटो दूरीका रूपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौं सवार साधन आवतजावत गर्छन् ।

# आयोगका पदाधिकारी र प्रधान सेनापतिबीच भेटघाट

**रासस**
काठमाडौं, ३१ भाद्र

राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी र प्रधान सेनापति अशोकराज सिग्देलबीच देशको शान्ति सुरक्षाका विषयमा छलफल भएको छ ।

'जेनजी' आन्दोलनपछि उत्पन्न परिस्थितिपछिको शान्ति सुव्यवस्था र मानव अधिकारको अवस्थाबारे आयोगको कार्यालय हरिहर भवन ललितपुरमा मंगलबार छलफल भएको हो । आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आयोगका पदाधिकारी र प्रधान सेनापतिबीचको भेटघाट बदलिँदो परिस्थितिमा देशको शान्ति सुरक्षा र नेपाली सेनाको संरक्षणमा रहेकाहरूको अवस्थाबारे छलफल भएको बताउनुभयो ।

छलफलमा देशको शान्ति सुरक्षा, मानव अधिकारको संरक्षण र आगामी सुरक्षा चुनौतीको आँकलन गर्दै लोकतन्त्र, मानव अधिकार र विधिको शासनको परिधिभित्र रहेर कार्य गर्न नेपाली सेनालाई आयोगले सुझाव दिएको उहाँले जानकारी दिनुभयो ।

आयोगले नेपाली सेनाको संरक्षणमा रहेकाहरूसँग सम्पर्कमा रही उनीहरूको सुरक्षा र स्वास्थ्य अवस्थाको सम्बन्धमा जानकारी लिइरहेको छ । साथै, आयोगले 'जेनजी' प्रतिनिधि, मृतकका परिवार, घटनाका घाइते र अन्य प्रभावित तथा बालबालिकासँग निरन्तर भेटघाट गरिरहेको जनाएको छ ।

# उच्च मनोबलका साथ अगाडि बढ्न उद्योगीलाई सरकारको आग्रह

**रासस**
काठमाडौं, ३१ भाद्र

सरकारले उद्योगीलाई उच्च मनोबलका साथ अगाडि बढ्न आग्रह गरेको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवद्वय डा रामप्रसाद घिमिरे र कृष्णबहादुर राउतले निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थासँग गर्नुभएको छलफलमा मुलुकलाई नयाँ ढङ्गबाट अगाडि बढाउन निजी क्षेत्रको सहयोग आवश्यक रहेको बताउनुभयो । उहाँहरूले निजी क्षेत्रलाई विद्यमान अवस्थाबाट अगाडि बढाउन आवश्यक सहयोग गर्न मन्त्रालय प्रतिबद्ध रहेको प्रतिबद्धता जनाउनुभयो ।

सचिवद्वयले आउँदै गरेको चाडपर्वलाई मध्यनजर गर्दै आवश्यक खाद्यान्नलगायत सामग्री पर्याप्त मौज्दात रहेकाले कुनै अभाव नहुने जानकारी दिनुभयो । उहाँहरूले माग, आपूर्ति र प्रतिकूल प्रभाव पार्नेगरी वस्तु सञ्चित नगर्न/नगराउन उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, बिक्रेतालगायत सरोकार भएका सबैलाई अनुरोध गर्नुभयो । मन्त्रालयले आपूर्ति व्यवस्थामा ठूलो असर नपर्ने देखिएकाले वस्तु अनावश्यक रूपमा सञ्चित नगर्न सर्वसाधारणमा आग्रह गरेको छ । परिस्थिति सामान्य बन्दै गएकाले निजी क्षेत्रलाई आफ्ना उद्योग व्यवसाय सञ्चालन गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले आह्वान गरेको छ ।

मन्त्रालयले आयात सहज गर्न कोरला नाका खुला गरिएको तथा सो नाकाबाट ठूलो मात्रामा सामान भित्रिरहेको जानकारी गराउँदै तातोपानी नाका खुलाउन प्रयास भइरहेको जनाएको छ । साथै दक्षिणतर्फका नाकासमेत नियमित सञ्चालनमा आइसकेको सचिवद्वय घिमिरे र राउतले जानकारी दिनुभयो । छलफलमा परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले अहिलेको विषम् परिस्थितिमा मुलुक अप्ठ्यारोमा परेकाले अर्थतन्त्र उकास्न सबैसँग सहकार्य र समन्वय गरी सहज वातावरण बनाउन आवश्यक रहेकामा जोड दिनुभयो ।

उहाँले उत्पादनमूलक उद्योग, होटेल तथा रिटेल चेन तथा साना व्यवसाय तथा उद्योगी व्यवसायीका निजी आवास तथा भवनमा भएको आगजनी, लुटपाट तथा तोडफोड गरी निजी क्षेत्रलाई निराश बनाए पनि नयाँ हौसलासहित उठ्ने प्रयास गरिएको बताउनुभयो । सरकारसँग नजिक रहेर काम गर्न निजी क्षेत्र प्रतिबद्ध रहेको बताउँदै उहाँले निजी क्षेत्रलाई आत्मविश्वासिलो बनाउनुपर्नेमा जोड दिनुभयो ।

# लाटोकोसेरोको संरक्षणमा बरदान बन्दै 'ह्विट्ली अवार्ड'

**वासुदेव पौडेल**
गण्डकी, ३१ भाद्र /रासस



प्रकृतिका साथी संस्थाका निर्देशक राजु आचार्यले गत वर्ष बेलायतमा प्राप्त गर्नुभएको विश्व प्रसिद्ध 'ह्विट्ली अवार्ड' गण्डकी प्रदेशमा लाटोकोसेरोको संरक्षणका लागि बरदान साबित बन्दै गएको छ।

व्यक्तिगत रूपमा प्रदान गरिने उक्त अवार्डबापतको रकम संस्थागत रूपमा उपयोग हुनुपर्ने प्रावधानअनुरुप प्रकृतिका साथीलाई नेपालको लाटोकोसेरो संरक्षण परियोजनाका लागि ह्विट्ली फन्ड फर नेचरले ५० हजार पाउन्ड सहयोग प्रदान गरिएको थियो। संस्थाका निर्देशक संरक्षणकर्मी आचार्यलाई बेलायती राजकुमारी एनले गत वर्ष लन्डनमा उक्त अवार्डबाट पुरस्कृत गर्नुभएको थियो । प्रदेशभित्र सम्बन्धित जिल्लाका डिभिजन वन कार्यालय र वडा कार्यालय, सामुदायिक वन उपभोक्ता समितिको सहकार्यमा परियोजनाअन्तर्गतका काम गरिएको हो । परियोजनाको सुरुआतमा केशवराज सापकोटा, सुदर्शन पराजुली, ज्योति शर्मा, दीपा गुरुङ, आयुष ढुङ्गाना र बालकुमार गुरुङलाई लाटोकोसेरो संरक्षणदूत बनाइएको थियो । उहाँलाई संस्थाले तालिम दिएर संरक्षण कार्यमा खटाएको थियो । उक्त परियोजनामा संरक्षणदूतसहित प्रकृतिका साथीका निर्देशक राजु आचार्य, केशव दाहाल, सुमन सापकोटा, सङ्गम पौडेल र अनु पौडेलसहित ११ जना खटिनुभएको थियो।

उक्त अवार्डबापतको रकमलाई गुलेली नियन्त्रण, बुढा रूखको संरक्षण, कृत्रिम गुँडको वितरण तथा लाटोकोसेरोको अवैध चोरी-सिकारी नियन्त्रण आदिमा उपयोग गरिएको निर्देशक आचार्यले जानकारी दिनुभयो । परियोजनाअन्तर्गत गत वर्ष भदौबाट कास्कीमा ८९, स्याङ्जामा सात, म्याग्दी र बागलुङमा दुई/दुई गरी एक सय कृत्रिम गुँड राखिएको छ । संस्थाले परीक्षणका लागि गुँडको गतिविधि नियाल्न एउटा गुँडको भित्र र बाहिर सिसिटिभी क्यामरा पनि जडान गरेको छ। राखिएका गुँडमध्ये सातवटा गुँडमा लाटोकोसेरोले बास बनाएको छभने ४८ वटामा चिवे, धोबिनी, डाँग्रे, परेवा, खोले कल्चौडो चरा बसेका छन्। लाटोकोसेरोले आफैँ गुँड नबनाउने र अरू चराले बनाएकामा बस्ने भएकाले यसको संरक्षणमा कृत्रिम गुँड फलदायी हुने आचार्यको विश्वास छ। नेपालमा लाटोकोसेरोको अस्तित्व गम्भीर सङ्कटमा परेको बताउँदै आचार्यले लाटोकोसेरोको अवैध शिकार, व्यापार, मिथक विश्वास, गुलेली प्रयोग र पुराना रुखको विनाशका कारण हरेक वर्ष करिब एक हजार ५०० लाटोकोसेरो मर्ने तथा व्यापार हुने गरेको पाइएको जानकारी दिनुभयो । यही तथ्याङ्कलाई दृष्टिगत गर्दै समुदाय, विद्यालय र सरकारी निकायको सहकार्यमा पाँच सामुदायिक वनलाई गुलेली-मुक्त र तीन सामुदायिक वनलाई लाटोकोसेरो संरक्षण क्षेत्र घोषणा गरिएको छ।

यस अभियानले लाटोकोसेरो मात्र नभई गिद्ध, चील र अन्य दुर्लभ प्रजातिलाई पनि फाइदा पुर्‍याएको आचार्य बताउनुहुन्छ । उहाँका अनुसार यस अभियानलाई सम्भव बनाउन ह्विट्ली फन्ड फर नेचर (डब्लुएफएन), बेलायतले प्रदान गरेको सहयोगले महत्वपूर्ण आधार तयार गरेको हो । "नेपालमै पहिलो पटक समुदायले आफ्नै वनलाई गुलेली-मुक्त घोषणा गरेर लाटोकोसेरो बचाउने प्रतिबद्धता देखाएका छन्", उहाँले थप्नुभयो, "यो समुदायको स्वामित्वमा आधारित संरक्षण आन्दोलन हो।" कार्यक्रमअन्तर्गत गुलेली-मुक्त घोषणा गरिएका पाँच सामुदायिक वनमा कास्कीको तिब्रेकोट, स्याङ्जाको रोलबराह-सिम्रिकलेक, म्याग्दीको देउरालीपाखा, कास्कीको शान्ति तथा सालघारी र श्रीगणेश-भद्रकाली मन्दिर क्षेत्र रहेका छन्। यी क्षेत्रको कुल क्षेत्रफल २५५.२४ हेक्टर रहेको जानकारी दिँदै उहाँले थप १३७.५ वर्ग किलोमिटर क्षेत्रमा गुलेली खरिद-बिक्री रोकथाम गर्ने चेतना अभियान सुरु गरिएको जानकारी दिनुभयो । त्यस्तै लाटोकोसेरो संरक्षण क्षेत्रका रूपमा कास्कीको तिब्रेकोट, स्याङ्जाको रोलबराह-सिम्रिकलेक र म्याग्दीको देउरालीपाखा सामुदायिक वनलाई घोषणा गरिएको छ। यी संरक्षण क्षेत्र १८०.२५ हेक्टरमा फैलिएका छन् । यस क्षेत्रमा हालसम्म २९८ प्रजातिका चरा अभिलेखित गरिएको छ । सङ्कटग्रस्त गिद्ध र स्थानीय चरा पनि यिनै क्षेत्रमा सुरक्षित रहेको बताउँदै उहाँले विद्यालयस्तरमा पनि अभियानलाई सशक्त बनाउन दुई विद्यालयमा लाटोकोसेरो क्लब गठन गरिसकिएको जानकारी दिनुभयो। कास्कीको गौरीशङ्कर माध्यमिक विद्यालय र हेन्जा बोर्डिङ स्कुलमा स्थापना भएका क्लबले सरसफाइ, रोपाइँ, चित्रकला प्रतियोगिता र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेका छन् । क्लब गठनसँगै लाटोकोसेरोसहित चराचुरुङ्गीको संरक्षणमा विद्यालय तथा समुदायस्तरमा सचेतना अभिवृद्धि भइरहेको गौरीशङ्कर माध्यमिक विद्यालयका लाटोकोसेरो क्लबका संरक्षक रुद्रप्रसाद देवकोटाले जानकारी दिनुभयो । "क्लब गठनसँगै विद्यार्थीमा पर्यावरण जोगाउन लाटोकोसेरोको कति महत्व छ भन्ने कुरा सचेतना अभिवृद्धि एवं संरक्षण प्रतिको क्रियाशीलता बढेको छ", उहाँले भन्नुभयो। पोखरा र आसपासका क्षेत्रमा पाइने गोठे लाटोकोसेरो मानव बस्ती नजिकै बस्न रुचाउने पन्छी हो। यस पन्छीले कृषि क्षेत्रमा मुसा नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्छ । लाटोकोसेरोको एउटा परिवारले एक याममा दुई हजारदेखि तीन हजारसम्म मुसा खान सक्ने हुँदा यसबाट कृषि उत्पादनमा वृद्धि गर्न सहयोग पुग्दछ। त्यसैले यसलाई किसानको साथी पनि भनिन्छ। पोखरा महानगरपालिका-२५ हेम्जाले त गोठे लाटोकोसेरोलाई 'वडा पन्छी' र राजगोमनलाई 'वडा सर्प' घोषणा गरिसकेको छ। गत असारमा वडाध्यक्ष मोतीलाल तिम्सिनाले हेम्जामा आयोजित लाटोकोसेरो र सर्प संरक्षण तथा जनचेतनामूलक कार्यक्रममा उक्त घोषणा गर्नुभएको थियो। वडाको बैठकबाट सर्वसम्मत रूपमा निर्णय गरेर वडा पन्छी र वडा सर्प घोषणा गरिएको वडाध्यक्ष तिम्सिनाले जानकारी दिनुभयो । तथ्याङ्कअनुसार यो अभियानसँगै विद्यार्थीबीच गुलेली प्रयोग १९ प्रतिशतले घटेको छ। त्यस्तै कानुन कार्यान्वयनमा पनि उल्लेखनीय प्रगति भएको छ। कार्यक्रमअन्तर्गत नै गण्डकी प्रदेशको २३३ वनकर्मी, प्रहरी अधिकारी तथा स्थानीय राजनीतिज्ञलाई प्रशिक्षण दिइएको छ । यस प्रशिक्षणपछि गण्डकी प्रदेशमा लाटोकोसेरोको अवैध सिकार र व्यापारमा २७.५ प्रतिशत कमी आएको अध्ययनले देखाएको आचार्यले जानकारी दिनुभयो । "प्रशिक्षणसँगै सम्बन्धित त्यसका सहभागीले संयुक्त पेट्रोलिङ, छड्के अनुगमन र सूचनामा तत्काल प्रतिक्रिया दिने अभ्यासलाई मजबुत बनाएका छन्", उहाँले भन्नुभयो, "समुदायस्तरमा संरक्षण चेतना बढाउन एक वर्षको अवधिमा १०५ वटा शिविर आयोजना गरिएको छ । यसबाट छ हजार ६५६ जनासम्म प्रत्यक्ष लाभान्वित भएका छन् ।" पछिल्लो समयमा लाटोकोसेरोको संरक्षणमा विद्यार्थी, स्थानीयवासी र लाटोकोसेरो दूत सक्रिय रूपमा सहभागी भएका छन्। यस बीचमा छ जना लाटोकोसेरो दूतले मात्र २५ घाइते लाटोकोसेरो उद्धार गरी पुनःस्थापना गरेका छन् भने २८० गुलेली सङ्कलन गरेका छन्। यस बीचमा सयवटा कृत्रिम गुँडको चयन तथा निगरानीमा नेतृत्वदायी भूमिका निर्वाह गरिएको संरक्षण दूत बालकुमार गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार लाटोकोसेरोको वासस्थान संरक्षणका लागि पाँच सयवटा पुराना रुखलाई चिनो लगाएर जोगाइएको छ । यसका कारण यी रुखले लाटोकोसेरोसहित सयौँ चराका लागि सुरक्षित बासस्थान उपलब्ध गराएको उहाँले बताउनुभयो।

कार्यक्रमअन्तर्गत नै शहरी एवम् अर्धशहरी क्षेत्रमा एक सयवटा कृत्रिम गुँड जडान गरिएको छ। जडान गरिएका कृत्रिम गुँडमा ४८ प्रतिशतमा चरा बसोबास गरेको पाइएको छ। त्यस्तै कृत्रिम गुँडमध्ये सातवटा गुँडमा भने लाटोकोसेरोले सफलतापूर्वक प्रजनन् गरेको प्रमाण भेटिएको छ। गुँड सकेसम्म लामो समयसम्म टिकाउ होस् भन्ने उद्देश्यले टुनीको काठबाट बनाइएको छ। गुँड घर, विद्यालय, सामुदायिक भवन, वडा कार्यालय, मन्दिर, चौतारा, पार्क, पार्टी प्यालेसमा राखिएको छ । टुनीको काठ अन्य काठ भन्दा टिकाउन हुने भएकाले केही लगानी बढी भए पनि टुनीको काठ प्रयोग गरिएको आचार्यले जानकारी दिनुभयो । सचेतनासँगै गुलेली प्रतिबन्ध कार्यक्रमअन्तर्गत २० पसलमा गरिएको निगरानीमा सुरुआती अवस्थामा ५४५ गुलेली भेटिएकोमा पछि यो संख्या ६४ प्रतिशतले घटेका छन्। अभियानकै क्रममा १३ वटा पसलले गुलेली नबेच्ने सूचना टाँसेका छन् र १२ स्थानमा संरक्षणसम्बन्धी होर्डिङ बोर्ड जडान गरिएको छ। यीसहित पोखरा-१३ को भद्रकाली बन, पोखरा-२३ को शान्ति तथा सल्लाघारी सामुदायिक बनलाई गुलेली प्रतिबन्धित क्षेत्र घोषणा गरिएको छ। संस्थाले गरेको अध्ययनअनुसार पोखराको महेन्द्रपुल, पामे, हेम्जा र भद्रकाली क्षेत्रबाट मात्रै वर्षमा १२ हजार गुलेली बिक्री हुने गर्छ। संस्थाले गुलेली प्रतिबन्धित क्षेत्र वरपर रहेका पसलबाट गुलेली किनेर 'यो पसलमा गुलेली बेच्दैनौं' लेखिएको बोर्ड पनि टाँगेको छ। निर्देशक आचार्यले ती क्षेत्रमा बाँदर धपाउन गुलेलीको प्रयोग गर्न दिइए पनि चरा मार्न प्रयोग गर्नबाट रोकिएको छ । यस्ता उपलब्धिले लाटोकोसेरो मात्र नभई अन्य जीवजन्तु र चराको दीर्घकालीन संरक्षणमा योगदान पुर्‍याएको छ । पुराना रुख बचाउने, कृत्रिम गुँड राख्ने र गुलेली नियन्त्रण गर्ने कदमले गिद्ध, चील र अन्य संकटग्रस्त प्रजातिलाई पनि सुरक्षित बनाएका छन्। परियोजना टोलीले आगामी दिनमा थप गुलेली मुक्त बस्ती र संरक्षण क्षेत्र घोषणा गर्ने, पुराना रुखको दीर्घकालीन निगरानी गर्ने, विद्यालयस्तरमा 'लाटोकोसेरो सुरक्षित विद्यालय' कार्यक्रम विस्तार गर्ने र लाटोकोसेरो संरक्षण केन्द्र स्थापना गर्ने लगायतका योजना अघि सारेको छ । यो अभियानले संरक्षण केवल सरकारी काम मात्र नभै समुदाय र विद्यालयले पनि हातेमालो गर्दा महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिने कुरालाई उजागर गर्ने कुरालाई थप प्रमाणित गरेको संरक्षण दूत गुरुङको भनाइ छ । विश्वमा लाटोकोसेरोका प्रजाति २५० रहेपनि नेपालमा २३ वटा प्रजातिका रहेको जानकारी दिँदै निर्देशक आचार्यले परियोजनाअन्तर्गत सञ्चालित कार्यक्रम एवं प्रहरी, वन कर्मचारी, स्थानीय समुदाय र विद्यार्थीमाभ्क गरिएका लाटोकोसेरो संरक्षणसम्बन्धी सचेतना शिविरका कारण लाटोकोसेरोको संरक्षणमा महत्वपूर्ण उपलब्धि हासिल हुँदै गएको बताउनुभयो । परियोजना अतिरिक्तसंस्थालेराष्ट्रियआविष्कार केन्द्रको सहयोगमा वन्यजन्तुको चोरी, तस्करी नियन्त्रणका लागि सुराकी एप्लिकेसन तयार गरी त्यसलाई सञ्चालनमा ल्याउन तयारी समेत गरेको उहाँले जानकारी दिनुभयो।


## पेन्सन पट्टा हराएको सूचना

**म चित्र बहादुर गुरुङको** Indian Army **को पेन्सन निस्कँदाको अवस्थाको पेन्सन पट्टा रामबजार घले चोकदेखि पेन्सन क्याम्पसम्म जाने क्रममा हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको ठेगानामा सम्पर्क गरिदिनुहोला।**

**नाम : चित्र बहादुर गुरुङ**
Name : Chitra Bahadur Gurung
Indian Army No.: 5244552 Hav.
PPO No. : 41942 TS No : 165271
**ठेगाना : वालिङ-३, स्याङ्जा**
**हाल: पोखरा-१५, रामबजार**
**सम्पर्क नं. :** 9816178909




परम्परागत शैलीमा मकै भण्डारण :
तनहुँको व्यास नगरपालिका-१० दुम्सीस्थित दरै सामुदायिक घरबास (होमस्टे)मा थाँक्रामा भण्डारण गरिएको मकै । यसवर्ष मकैको उत्पादन राम्रो भएको घरबास सञ्चालक आशा दरै बताउनुहुन्छ । तस्बिरः मिला दरै/रासस

# दूध उत्पादन किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ भाद्र

किसानले उत्पादन गरेको दूध मात्राका आधारमा अनुदान दिने कार्यक्रम बागलुङमा प्रभावकारी बनेको छ।

सहकारीमार्फत दूध सङ्कलन र बजारीकरण गरेका किसानले प्रतिलिटर दूधमा रु पाँच अनुदान पाएका छन्। आर्थिक वर्ष २०८१/८२ मा बागलुङका आठवटा दुग्ध उत्पादनक सहकारीमा आबद्ध किसानले रु ३७ लाख ३२ हजार रकम अनुदान प्राप्त गरेका छन्। अनुदानबाट भ्रण्डै आठ सय किसान लाभान्वित भएका छन्। अनुदान पाउनका लागि दूधको खरिद बिक्री गरेको प्रमाण र एक दिनमा न्यूनतम दुई सय लिटर दूधको कारोबार गर्ने सहकारीमार्फत किसानले अनुदान प्राप्त गर्ने गरेको भेटेरिनरी अस्पताल तथा पशुविज्ञ केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाका अनुसार केन्द्रको सफल तथा प्रभावकारी कार्यक्रममध्ये उत्पादनका आधारमा दूध किसानले पाउने प्रोत्साहन रकम रहेको छ । किसानले उत्पादन गरेको दूध सोभ्कै बजारमा बिक्री गर्नेले भने अनुदान नपाउने सापकोटाको भनाइ छ । "उत्पादनका आधारमा अनुदान निकै प्रभावकारी अनुदान कार्यक्रम हो, किसानले जति धेरै उत्पादन गर्छन् उति नै बढी अनुदान पाउँछन्, चालु आवमा समेत दूध किसानलाई प्रतिलिटर रु पाँच अनुदान दिन रु ३८ लाख बजेट व्यवस्थापन गरिएको छ", सापकोटाले भन्नुभयो, "दूध उत्पादन भएर एकमुष्ट बजारीकरण गर्न किसानलाई सहकारीमार्फत अनुदान दिएका छौं, उक्त अनुदान वार्षिक रूपमा बढ्दै आएको छ ।" आव २०७८/७९ मा चार लाख २० हजार लिटर दूधमा अनुदान वितरण गरेको केन्द्रले गत आवमा सात लाख ४६ हजार ५५४ लिटर दूधमा रु ३७ लाख ३२ हजार ७६८ अनुदान वितरण गरेको थियो । किसानलाई १० लाख लिटर दूधमा अनुदान दिन सक्ने विज्ञ केन्द्रको भनाइ छ।

बागलुङ बजारमा जिल्ला सहकारी सङ्घमा १५ उत्पादन सहकारीले दूधको सङ्कलन गरेर पठाउने भए पनि दैनिक दुई सय लिटर दुधको कारोबार गर्ने सहकारी जम्मा ८ मात्रै हरेकाले मापदण्ड अनुसार आठवटा सहकारीमा दूध सङ्कलन गर्ने किसानले मात्रै उत्पादनका आधारमा प्रतिलिटर रु पाँचका दरले अनुदान प्राप्त गरेका हुन्।

# 'अपर' राहुघाट जलविद्युत् आयोजनाको परीक्षण उत्पादन सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ भाद्र

रघुगङ्गा गाउँपालिका भएर बग्ने राहुघाट नदीमा निर्माण भएको ४८ दशमलव पाँच मेगावाट क्षमताको 'अपर' राहुघाट जलविद्युत् आयोजनाको परीक्षण उत्पादन सुरु भएको छ।

तुँदी पावर प्रर्वद्धक रहेको आयोजनाको बाँध, सुरुङ, विद्युत् गृह, प्रसारण लाइन, स्विचयार्ड निर्माण, उपकरण जडान र आन्तरिक परीक्षण सकिएपछि आजदेखि परीक्षण उत्पादन थालिएको हो । आयोजनाका आवासीय इञ्जिनीयर प्रकाश तिमिल्सिनाले नेपाल विद्युत् प्राधिकरणका प्राविधिक टोलीको उपस्थितिमा परीक्षण थालिएको जानकारी दिनुभयो।

"निर्माण भएका भौतिक संरचना र जडान गरिएका उपकरणको आन्तरिक परीक्षण सफल भएपछि विद्युत् उत्पादन थालिएको हो", उहाँले भन्नुभयो, "परीक्षणका क्रममा कुनै समस्या नदेखिएकाले १५ दिनपछि व्यावसायिक उत्पादन सुरु गर्ने तयारीमा छौं।" रघुगङ्गा गाउँपालिका-७ चिमखोलामा बाँध र वडा नं ४ दग्नामको फेदीमा विद्युत्गृह रहेको यस आयोजनाको सुरुङ चार हजार ९०० मिटर लामो छ । 'आउटलेट'देखि विद्युत् गृहसम्म छ सय ८० मिटर लामो 'पेनस्टक पाइपलाइन' जडान गरिएको छ । अपर



राहुघाटको इलेक्ट्रोमेकानिकल ठेकेदार एभरेष्ट हाइड्रो हो भने हाइड्रोमेकानिकल ठेकेदार माछापुच्छ्रे मेटल एण्ड मेसिनरी हो।

विसं २०७७ देखि निर्माण सुरु भएको यस आयोजनाको सिभिल ठेकेदार रामेछाप शेर्पा कन्ट्रक्सन हो । साउथ एशियन इन्फास्ट्रक्चरले यसको सुरुङ बनाएको हो । तुँदी पावरले निर्माण गरेको ३७ दशमलब पाँच मेगावाट क्षमताको चिमखोला-राहुघाट-मङ्गले जलविद्युत् आयोजनाले गत असारदेखि व्यावसायिक उत्पादन सुरु गरेको थियो । संयुक्त ऊर्जा लिमिटेडले निर्माण गरेको २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले यही भदौ महिनादेखि व्यावसायिक उत्पादन थालेको थियो।

चिमखोला-मङ्गले-राहुघाटको विद्युत्गृहबाट निस्कने र चिमखोलाको बगरखोलाको पानी प्रयोग गरेर अपर राहुघाटबाट विद्युत् उत्पादन गरिएको हो। दुई वटै आयोजनाको अनुमानित लागत रु १३ अर्ब रहेको छ। यी आयोजनाबाट उत्पादन भएको विद्युत् रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरस्थित राहुघाट जलविद्युत् आयोजनाको स्विचयार्डबाट अस्थायी रूपमा राष्ट्रिय प्रणालीमा जोडिएको छ।

बन्दीदेखि चिमखोलास्थित चिमखोला-राहुघाट-मङ्गलेको विद्युत्गृहसम्म आठ किलोमिटर १३२ केभी क्षमताको प्रसारण लाइन ठूलोखोला र २२ दशमलव पाँच मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले साभ्केदारी गरेर बनाएका छन् । चिमखोलादेखि तिल्केनीसम्म२२०केभीक्षमताकोप्रसारण लाइन ठूलोखोला, माथिल्लो ठूलोखोला, चिमखोला-राहुघाट-मङ्गले र अपर राहुघाट जलविद्युत् आयोजनाले बनाएका हुन्।